# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७

## उदयपुरगढी गाउँपालिका
## उदयपुरगढी, उदयपुर




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General

प्रदेशिक लेखापरीक्षण महानिर्देशनालय
प्रदेश नं. १ र २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या: २०७६/७७

च.नं : ५७१

मिति: २०७७/३/२८

श्री अध्यक्षज्यू,
उदयपुरगढी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
उदयपुरगढी, उदयपुर।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम प्रयोजनको लागि अनुरोध छ ।

(विन्दु विष्ट )
नायव महालेखापरीक्षक


Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

# महालेखापरीक्षकको भनाई



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीयतहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ।

स्थानीयतहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवाप्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीयतहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीयतहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रर्वद्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीयतहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन् । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गत विगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भव स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीयतहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीयतहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीयतहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु। आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ अषाढ २६ गते ।

# महालेखापरीक्षकको कार्यालय

## Office of the Auditor General

प्रदेशिक लेखापरीक्षा महानिर्देशनालय
प्रदेश नं.१ र २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७६/७७

च.नं. ४६२

मितिः २०७७।३।२४

श्री अध्यक्षज्यू,
उदयपुरगढी गाउँपालिका,
उदयपुरगढी, उदयपुर ।

**विषयः लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले **उदयपुरगढी गाउँपालिका**को आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.२ करोड ६ लाख ४० हजार बेरुजु देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१५ लाख ५० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड ८ लाख ३ हजार, नियमित गर्नुपर्ने रु.४८ लाख ६२ हजार र पेश्की बाँकी रु.३४ लाख २५ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।११।१३ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २३(तेइस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

...................................

(विन्दु विष्ट)
नायब महालेखापरीक्षक

## उदयपुरगढी गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन
## २०७५।७६

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न यस गाँऊपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो गाँउपालिका अर्न्तगत ८ वडा, ४४ सभा सदस्य, २६९.५१ व.कि.मी. क्षेत्रफल, ३०७३१ जनसंख्या रहेको छ । यो गाउँपालिका १ नं. प्रदेशमा अवस्थित छ ।

**स्थानीय सञ्चितकोष :** आर्थिक वर्ष २०७५।७६ को स्थानीय सञ्चित कोषको आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

## एकिकृत आर्थिक विवरण २०७५।७६

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्याय | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | | १ | **चालु खर्च** | | |
| | क) नगद | | | | क) सशर्त अनुदान चालु | १३३,६८४,९६४।३५ | |
| | ख) बैंक | ६०,२२३,२५३.९५ | | | ख) कोषवाट निकासा फिर्ता | | |
| | | | | | ग) सांसद विकास कोष | | |
| २ | **राजस्व (आन्तरिक आय)** | | | | घ) वित्तीय समानिकरण चालु | ३२,५१५,८४७।०० | |
| | क) आन्तरिक राजस्व | ५,६०२,६१८।०० | | २ | **पूँजीगत खर्च** | | |
| | ख) राजस्व बाँडफाँड | | | | क) सशर्त अनुदान पुजिगत | १०,६९०,६४१।०० | |
| | | | | | क) वित्तीय समानिकरण | ११८,७५०,२२९।७५ | |
| | ग) अन्य आय | | | | **आन्तरिक आय(खर्च)** | | |
| | | | | | (क) आन्तरिक आय खर्च | ४९,०८०,२०७।४७ | |
| ३ | **वित्तीय हस्तान्तरण** | | | ३ | **सशर्त अनुदान कोलेनिका फिर्ता** | १६,९३६,६५६।०० | |
| | क)वित्तीय समानीकरण अनुदान | १६७७००००।०० | | ४ | **निकासा फिर्ता कोलेनिका** | ११७,६००।०० | |
| | ख) सशर्त अनुदान | १६१,१८८,३३२।०० | | ५ | **बहुक्षेत्रिय पोषण SDC तर्फको फिर्ता** | | |
| | ग) समपूरक अनुदान | | | ६ | **प्रदेशको सशर्त अनुदान फिर्ता** | ५१५,२५२।०० | |
| | घ) विशेष अनुदान | | | ७ | **प्रदेश निर्वाचन क्षेत्रको फिर्ता** | १,५५३,०१८।०० | |
| | ङ) राजस्व बाँडफाँड | ६९,२२६,३७३।१४ | | ८ | **प्रधानमन्त्री रोजगारको फिर्ता** | | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | ९ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | |
| | क)वित्तीय समानीकरण अनुदान | ३,२६७,१६०।०० | | | क)वित्तीय समानीकरण अनुदान | ३,२६७,१६०।०० | |
| | ख) सशर्त अनुदान | १३,५००,०००।०० | | | ख) सशर्त अनुदान | १३,०१४,०५६।०० | |
| | ग) समपूरक अनुदान | | | | ग) अन्य भुक्तानी | | |
| | ङ) राजस्व बाँडफाँड | | | १० | **लगानी** | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | घ) सवारी साधन कर | २,७०८,०३२।३२ | | | ऋण लगानी | | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | | शेयर लगानी | | |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | | | अन्य लगानी | | |
| | क) ऋण प्राप्ति | | | ११ | **धरौटी फिर्ता** | | |
| | ख) साँवा प्राप्ति | | | १२ | **कोष खर्च** | | |
| | ग) ब्याज प्राप्ति | | | १३ | **वैदेशिक श्रोत हेल्भटास** | | |
| | घ) अन्य प्राप्ति | | | १४ | **मौज्दात** | | |
| ७ | **विभिन्न कोषतर्फको आय** | | | | क) नगद मौज्दात | | |
| ८ | **जनसहभागिता (नगद)** | | | | ख) बैंक मौज्दात | १०३,४०७,७३७।८४ | |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | | | १५ | **धराटी बाँकी** | २३५,६०८।०० | |
| १० | **धरौटी आय** | ९०९,६७५।०० | | १६ | **धराटी व्यय** | ६७४,०६७।०० | |
| ११ | **लगानीको साँवा फिर्ता** | | | | | | |
| १२ | **अन्य विविध आय** | | | | | | |
| १३ | **सामाजिक सुरक्षा भत्ता** | ४४,७२५,२००।०० | | १७ | **सामाजिक सुरक्षा भत्ता** | ४४,६०७,६००।०० | |
| १४ | **बहुक्षेत्रिय पोषण कार्यक्रम** | १,६६७,०००।०० | | १८ | **बहुक्षेत्रिय पोषण कार्यक्रम** | १,६६७,०००।०० | |
| १५ | **प्रधानमन्त्री रोजगार कार्यक्रम** | २,७६०,९२२।०० | | १९ | **प्रधानमन्त्री रोजगार कार्यक्रम** | २,७६०,९२२।०० | |
| १६ | **सांसद विकास कोष(स्थानीय पूर्वाधार विकास कार्यक्रम)** | ८,२१९,४१७।०० | | २० | **सांसद विकास कोष(स्थानीय पूर्वाधार विकास कार्यक्रम)** | ८,२१९,४१७।०० | |
| १७ | **प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम** | २७४,५००।०० | | २१ | **प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम** | २७४,५००।०० | |
| १८ | **प्रयटन पुर्वाधार विकास** | ५,०००,०००।०० | | २२ | **प्रयटन पुर्वाधार विकास** | ५,०००,०००।०० | |
| १९ | **बैदेशिक श्रोत हेल्भटास** | ४,३८४,०७०।०० | | २३ | **बैदेशिक श्रोत हेल्भटास** | ४,३८४,०७०।०० | |
| २० | **राष्टपति चुरे** | ९,२७५,०००।०० | | २४ | **राष्टपति चुरे** | ९,२७५,०००।०० | |
| २१ | **गरिव सगं विशेश्वर कार्यक्रम** | १८२,०००।०० | | २५ | **गरिव सगं विशेश्वर कार्यक्रम** | १८२,०००।०० | |
| | **जम्मा** | ५६०,८१३,५५३।४१ | | | **जम्मा** | ५६०,८१३,५५३।४१ | |

# लेखापरीक्षणको अन्तिम प्रतिवेदन

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| १. | **आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । सो बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयमा ल्याएको पाइएन । कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको पालना सम्वन्धमा परिक्षण गर्दा निम्न व्यवस्थाहरुको पालना गरेको देखिएन । आन्तरिक नियन्त्रण व्यवस्थाहरुको पालना नगर्दा कार्यालयबाट संचालन गर्ने क्रियाकलापहरु मितव्ययी, प्रभावकारी, पारदर्शी नहुने र कार्यालयबाट प्रवाह गरिने सेवामा समेत असर पर्ने भएकाले प्रचलित ऐन नियमले तोकेको प्रकृया अवलम्बन गरि आन्तरिक नियन्त्रण व्यवस्था प्रभावकारी बनाउनु पर्दछ ।<br>• आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(८) बमोजिम खर्च भएको सबै रसिद बील भरपाईहरुमा सिलसिलेबार नम्बर राखी भुक्तानी भएको जनाउने छाप लगाई प्रमाणीत गर्ने नगरेको,<br>• बार्षिक कार्यक्रम अनुसार अनुगमन मूल्यांकन गरेको लिखित प्रतिवेदन पूर्णरुपमा लिने व्यवस्था नगरेको,<br>• जटिल प्रकृतीका निर्माण कार्य उपभोक्ता समितिबाट गराएको,<br>• गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको व्यवसाय, सवारी, मनोरन्जन जस्ता व्यवसायहरुको अभिलेख राख्ने र करहरु उठाउने नगरेको,<br>• सार्वजनिक खरिद ऐन, नियमावलीको खरिद पद्धतिका सिमाहरु छल्ने उद्देश्यले उपभोक्ता समितिमार्फत मालसामान खरिद गर्ने गरेको,<br>• योजनाको संख्या अत्यधिकरुपमा संचालन गर्ने गरेकोले अनुगमन प्रभावकारी हुन नसकेको,<br>• खरिद योजना बनाउने नगरेको,<br>• कोषहरुको कार्यविधि, कानून पूर्णरुपमा नबनाएको,<br>• प्राप्ती तथा भुक्तानीको खर्च पूर्णरुपमा सार्वजनिकिकरण नगरेको,<br>• सम्पन्न आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्ने नगरेको,<br>• कर्मचारीहरुलाई एक पटक दिएको पेश्की फर्छ्यौट नगरी पुनः पटक पटक पेश्की माथी पेश्की दिने गरेको,<br>• गाउँपालिका तथा वडाहरुकोलागि आवश्यक विभिन्न स्टेशनरी लगायत कार्यालय सामानहरु प्रतिस्पर्धा गराई सिलवन्दी प्रकृयाबाट खरिद गर्नु पर्नेमा नगरी पटक पटक सिधै खरिद गर्ने गरेको,<br>• कार्यालयले मोटरसाइकल, ल्यापटप, डेक्सटप लगायतका जिन्सी सामानहरु सहायक खाता मार्फत सम्बन्धित कर्मचारीलाई बुझाई जिम्मा जमानी गराई अभिलेख राख्नु पर्नेमा सो गर्ने नगरेको,<br>• ईन्धन खर्चको लगबुक राख्ने नगरेको एवं खर्चमा मितव्ययीता समेत नदेखिएको,<br>• गोश्वारा भौचर साथ खर्चको तेरिज तयार गरी राख्नुपर्नेमा नगरेको,<br>• चालु प्रकृतिका कारोबार समेत पुजिंगत शिर्षकवाट गर्ने गरेको,<br>• पारित बजेट तथा कार्यक्रममा पटक पटक संशोधन एवं घटबढहुने गरी खर्च गरी पछि अनुमोदन गर्ने गरेको, | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | • संघ, प्रदेश र स्थानीय तहबाट संचालित कार्यक्रममा दोहोरोपना देखिएको,<br>• कर्मचारी संगठन तथा व्यवस्थापन संरचना स्वीकृत नगरी करारमा कर्मचारी भर्ना गर्ने गरेको,<br>• कर्मचारीहरुको वार्षिक तलबी प्रतिवेदन पारित नगरी तलब भत्ता खर्च लेखेको,<br>• कन्टिन्जेन्सी खर्चको योजनागत व्यवस्थापन गर्ने नगरेको,<br>• पशु विकास कार्यक्रम अन्तर्गत बोका बाख्रा खरिद गर्दा तौल, गुणस्तर, स्वास्थ्य परीक्षण प्रतिवेदन, लाभान्वित समुदायको छनौट आदि खुलाउने नगरेको,<br>• भ्रमण अभिलेख खाता राख्ने नगरेको,<br>• भ्रमण आदेश स्वीकृत गर्दा भ्रमणमा गर्नुपर्ने काम स्पष्ट किटान नगरी कार्यालय सम्बन्धि काम उल्लेख गर्ने गरेको ।<br>• गा.पा.अध्यक्षले ३ दिन भन्दा बढी अवधिको भ्रमण आदेश गाउँपालिकाको बैठकबाट स्विीकृत वा अनुमोदन गराउनुपर्नेमा त्यसो नगरी आफैंले स्विीकृत गर्ने गरेको,<br>• वडा अध्यक्षलाई ऐनमा तोकिएको यातायात सुविधाको अतिरिक्त मोटरसाईकल सुविधा एवं ईन्धन खर्च लेखिसकेपछि पनि मासिक यातायात सुविधाबापतको रकम भुक्तानी दिएकोले सुविधामा दोहोरोपना देखिएको,<br>• शुभकामना विज्ञापन खर्चमा नियन्त्रण नभएको,<br>• शीर्षक फरक पारी खर्च गर्ने गरेको,<br>• गोश्वारा भौचर साथ संलग्न सामान खरिदको जिन्सी दाखिला प्रतिवेदनमा जिन्सी खातापाना नम्बर राख्ने नगरेकोले जिन्सी भिडान हुन नसकेको,<br>• प्रमुख प्रशासकिय अधिकृतको भ्रमण आदेश गा.पा.अध्यक्षबाट स्वीकृत नगराई भ्रमण खर्च भुक्तानी दिने गरेको,<br>• प्रदेश सभासदको भ्रमण आदेश प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत गरेको,<br>• जिन्सी निरिक्षण नभएको,<br>• गोश्वारा धरौटी खाता तथा व्यक्तिगत धरौटी खाता नराखेको र<br>• प्रत्येक रनिङ्ग विललाई कार्यसम्पन्न देखाउने गरेको, | |
| २. | **लक्ष्य र प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा अनुसूची-२ बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण पेश गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाको निर्णय पुस्तिकामा समय समयमा प्रगति समिक्षा सम्वन्धी कार्यसूची राखेको भए तापनि सशर्त, निःशर्त तथा आन्तरिक श्रोतबाट सञ्चालन भएका योजना तथा कार्यक्रमहरुको प्रगति प्रतिवेदनलाई स्वीकृत ढाँचामा र तुलनायोग्य हुने गरी अभिलेखिकरण नगरेकोले गाउँपालिकाले गरेको खर्चको विश्लेषण गर्न सकिएन । प्रगति प्रतिवेदन तयार गरी समीक्षा गर्दा योजना तथा कार्यक्रम कार्यान्वयनमा थप प्रभावकारिता आउने भएकोले गाउँपालिकाले यसतर्फ समेत ध्यान दिनुपर्ने देखिन्छ । | |
| ३. | **खर्च गर्ने अख्तियारी र कार्यविधिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रमुख प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । वडा कार्यालयहरुमा जनशक्ति तथा भौतिक पूर्वाधारहरुको व्यवस्था भै नसकेको कारण वडा सचिवहरुलाई अख्तियारी प्रदान गर्न सकेको देखिएन । अन्तरनिकाय समन्वय गरी कानूनी व्यवस्थाको कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४. | **आन्तरिक लेखापरीक्षण :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७(२)मा स्थानीय तहले | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td>कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था रहेकोमा यस गाउँपालिकाले आन्तरिक लेखापरीक्षण गराएको छैन ।</td><td></td></tr>
<tr><td>५.</td><td>स्थानीय तथ्यांक र अभिलेखः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाउँपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्यांक सम्वन्धी निती, कानून र सोको मापदण्ड बनाएको पाइएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा  भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुदा यसतर्फ गाउँपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।</td><td></td></tr>
<tr><td>६.</td><td>कल्याण कोष : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । त्यसैगरी ऐनमा स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम समेत जम्मा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले आवश्यक रकमको व्यवस्था गरी अवकास कोषलाई मजबुत गरेको देखिएन । गाउँपालिकाको दीर्घकालिन आर्थिक दायित्व न्यूनिकरण गर्न योगदानमा आधारित अवकास सुविधा सम्वन्धी नियम तर्जुमा गरी अवकास कोष मजबुत गर्न आवश्यक देखिन्छ ।</td><td></td></tr>
<tr><td>७.</td><td>कानून निर्माण र कार्यान्वयन : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ अनुसार गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही आवश्यकता अनुसार निर्देशिका, नियम, कार्यविधि र मापदण्ड बनाई कार्यन्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार गाउँपालिकाले स्वीकृत गरेका कानूनहरु पूर्णरुपमा स्थानीय राजपत्रमा प्रकाशित भएका छैनन् । त्यसैले स्वीकृत कानून तोकिए बमोजिम राजपत्रमा प्रकाशित गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>वित्तीय समानिकरण पुंजिगततर्फः</td><td></td></tr>
<tr><td>८.</td><td>उपभोक्ता समिति : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिवाट काम गराउँदा सम्पन्न निर्माण कार्यको संचालन उपभोक्ता समितिले गर्नुपर्ने, खर्चको सूचना सार्वजनिक गर्नुपर्ने, निर्माण कार्यमा लोडर एक्साभेटर मेसिनहरु प्रयोग गर्न नहुने व्यवस्था छ । गाउँपालिकाले लोडर एक्साभेटर मेसिनहरु समावेश भएका आयोजना उपभोक्ता समितिवाट संचालन गरी उपभोक्ताको जनश्रमदान अंश समेत सोही उपकरणवाट गराई खर्च भुक्तानी गर्ने गरेको देखियो । यसवाट उपभोक्ता समिति मार्फत कार्य गराई आयोजनामा जनताको स्वामित्व अभिवृद्धि गरी रोजगारी सृजना हुने अवस्था नदेखिएकोले यस्ता कार्य प्रतिस्पिर्धा मार्फत गराउँदा मितव्ययी हुने देखिन्छ । जसको केही उदाहरण देहायमा उल्लेख छ ।
<table>
<tr><th>सि.नं</th><th>योजनाको नाम</th><th>बजेट</th><th>कार्यसम्पन्न रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>नेपालटार-धप्पर-भुमरे-तिनटाट्ने सडक</td><td>२१५००००</td><td>२३१६८३८</td><td>एक्साभेटर लगाई रु.१७४९०१३।- को कार्य गराएको</td></tr>
<tr><td>२</td><td>पसलटार-हुलाक भन्ज्याङ्ग-देउराली बरटार भन्ज्याङ्ग</td><td>१८०००००</td><td>२१५७९७१</td><td>एक्साभेटर लगाई रु.१३८३५८५।- को कार्य गराएको</td></tr>
<tr><td>३</td><td>उदयपुरगढी-डुम्रे-द्धारेभन्ज्याङ्ग सडक</td><td>४०५००००</td><td>४६८५६५५</td><td>एक्साभेटर लगाई रु.२४२७९६०।- को कार्य गराएको</td></tr>
<tr><td>४</td><td>रातमाटे-सिन्कौले सडक</td><td>२८०००००</td><td>३०९५०९७</td><td>एक्साभेटर लगाई रु.२११३४२२।- को कार्य गराएको</td></tr>
<tr><td>५</td><td>जरुवा-हात्तिटार-काकुली खोल्सा हुँदै डुम्रे सडक</td><td>२०००००००</td><td>२४७७१२९</td><td>एक्साभेटर लगाई रु.१४९९८८०।- को कार्य गराएको</td></tr>
</table></td><td></td></tr>
<tr><td>९.</td><td>कर दाखिला : कार्यालयले निम्न भौचर र मितिवाट निम्न आयोजनाको कार्यमा मेसिन बहालकर बापत कट्टि भएको रकम कन्टेन्जेन्सी खातामा दाखिला गरेकोले उक्त रकम राजस्व दाखिला हुनुपर्ने रु...
<table>
<tr><th>भौ.नं. र मिति</th><th>आयोजनाको नाम</th><th>रकम</th></tr>
</table></td><td>३९७८२८/-</td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>१११-२०७५/१२/११</td><td>उदयपुरगढी-डुम्रे-दारे भन्ज्याङ्ग सडक</td><td>२१६८००</td></tr>
<tr><td>२६-२०७५/१०/१६</td><td>रातमाटे-डुम्रिटार सडक</td><td>३३१००</td></tr>
<tr><td>७८-२०७५/११/२२</td><td>चुरुम्फा दारेगौडा सडक</td><td>४५५००</td></tr>
<tr><td>१०१-२०७५/१२/११</td><td>अरुणटार भुमरे ओछाले ढाडेखोला सडक</td><td>२७९००</td></tr>
<tr><td>१९०-२०७६/१/२८</td><td>मांसिटार बडहरे माझुवा चुलाढुंगा सडक</td><td>६५२०८</td></tr>
<tr><td>१६०-२०७६/१/९</td><td>रातामाटे दनुवारवेसी बन समूह</td><td>९३२०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३९७८२८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१०.</td><td>बहाल कर : आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम मेसिन प्रयोग बापतको भाडामा मु.अ.कर विल विजकको भुक्तानीमा १.५ प्रतिशत र विजक विल पेश नगरेको अवस्थामा १० प्रतिशत बहाल कर कट्टि गर्नुपर्ने व्यवस्था छ । निम्न आयोजनाको कार्यमा उपभोक्ताले निर्माण व्यवसायीको मेसिन प्रयोग गरेको (विजक बेगरको) वील र कुनैमा मूल्यांकनको आधारमा गाउँपालिकावाट सो बापत भुक्तानी गर्दा ऐनको प्रावधान अनुसारको १० प्रतिशत बहाल करकट्टी नगरी घटी कट्टी गरेकोले नपुग रकम असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु....
<table>
<tr><th>भौ.नं. र मिति</th><th>योजनाको नाम</th><th>मेसिन भाडा</th><th>लाग्ने कर</th><th>कट्टि गरेको कर</th><th>नपुग कर</th></tr>
<tr><td>१२९-२०७५/१२/२०</td><td>चुहाडेपानी-दलेपानी-हर्दिया सहरे सडक</td><td>५५००००</td><td>५५०००</td><td>५००००</td><td>५०००</td></tr>
<tr><td>१९०-२०७६/१/२८</td><td>मांसिटार-बडहरे-माझुवा-चुल्ढुंगा सडक (ढुवानी)</td><td>६२०००</td><td>६२००</td><td>-</td><td>६२००</td></tr>
<tr><td>७८-२०७५/११/२२</td><td>चुरुम्फा-दारेगौडा सडक</td><td>५४३०००</td><td>५४३००</td><td>४५५००</td><td>८८००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>११५५०००</td><td>११५५००</td><td>४५५००</td><td>२००००</td></tr>
</table>
</td><td>२००००/-</td></tr>
<tr><td>११.</td><td>आनुपातिक कट्टी : सर्वाजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिले गर्नुपर्ने योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग विल र मूल्यांकन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप स्थानीय निकायवाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न उपभोक्ताहरुसंग भएको कार्यमा आनुपातिक कट्टी नगरी बढी खर्च लेखेको रकम असुल हुनुपर्ने रु...
<table>
<tr><th>भौ.नं.र मिति</th><th>कार्यक्रम/योजना</th><th>बजेट</th><th>श्रमदान समेत लागत अनुमान</th><th>कार्यसम्पन्न</th><th>भुक्तानी खर्च रकम</th><th>बढी खर्च</th></tr>
<tr><td>६५-२०७५/११/१६<br>१२५-२०७५/१२/१९</td><td>नेपालटार-धप्पर-भुमरे-तिनटाट्ने सडक</td><td>२१५००००</td><td>२४४७६४१</td><td>२३१६८३८</td><td>२१५००००</td><td>११४८९६</td></tr>
<tr><td>२२-२०७५/९/२३<br>१११-२०७५/१२/११</td><td>उदयपुरगढी-डुम्रे-द्धारे भन्ज्याङ्ग सडक</td><td>४०५००००</td><td>४८३८९६०</td><td>४६८५६५५</td><td>३९३१९३२</td><td>१०२४१</td></tr>
<tr><td>९५-२०७५/१२/१०</td><td>मिलनचोक मौवासी उदयपुरगढी</td><td>७०००००</td><td>७८७४०४</td><td>७८१९०३</td><td>७०००००</td><td>४८९०</td></tr>
<tr><td>११५-२०७५/१२/११</td><td>चुरुम्फा गोटडाँडा काभ्रीवोट वानपाला सडक</td><td>७०००००</td><td>७६२९०२</td><td>७५९८६६</td><td>७०००००</td><td>२७८५</td></tr>
<tr><td>३३५-२०७६/३/२९</td><td>बकुवा खोला-मुहानगरी-सिम्ले कुलो मर्मत</td><td>९१२००</td><td>१३६२४५</td><td>१३१४२९</td><td>९१०००</td><td>३०२४</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td></td><td></td><td></td><td>१३५८३६</td></tr>
</table>
</td><td>१३५८३६/-</td></tr>
<tr><td>१२.</td><td>बढी भुक्तानी : भौ.नं.२५९-२०७६।३।१ कार्यालय भवन तथा अन्य संरचना निर्माणका निर्माण व्यवसायी युएसआर निर्माण सेवाको प्रथम रनिङ्ग विलको संलग्न मु.अ.कर विल रु.१२९१५४०।- मात्र रहेकोमा रु.१३१५०१५।- खर्च लेखेकोले बढी खर्च रु.२३४७५।- असुल हुनपर्ने रु...</td><td>२३४७५/-</td></tr>
<tr><td>१३.</td><td>मूल्य अभिवृद्धि कर : भौ.नं.२७१-२०७६।३।८ कार्यालयले १० थान सोलार प्लानल समेत ५ प्रकारका सामान खरिद गरी एस पि ट्रेड एण्ड सप्लायर्सलाई रु.४९९४६०।-(मु.अ.कर समेत) खर्च लेखेको देखियो । खरिद भएका १० थान सोलार प्यानलको रु.१७२५००।- मा समेत (मु.अ.कर नलाग्ने) रु.२२४२५।- मु.अ.कर थप गरी भुक्तानी दिएको रकम असुल हुनुपर्ने रु...</td><td>२२४२५/-</td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| १४. | **अमानतवाट निर्माण कार्य :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८ मा रु.१०००००।- सम्मको निर्माण कार्य अमानतवाट गर्न सकिने उल्लेख छ । कार्यालयले देहाय अनुसार रु.१०००००।- भन्दा बढीको कार्य अमानतवाट गराएको देखियो । नियमावलीमा भएको व्यवस्था विपरित अमानतवाट कार्य गराउनु अनियमित देखिएको रु... | १४५६४१८/- |

| भौ.नं. र मिति | कामको विवरण | भुक्तानी रकम | सोधभर्ना लिने |
|---|---|---|---|
| २८६-२०७५/३/२५ | ७ नं.वडा कार्यालय सिलिङ्ग लगाउने | ३७३९१८ | वडा सचिव खिलाराज कार्की |
| ३१४-२०७६/३/३१ | ७ नं.वडा कार्यालय सभाहल ढलान तथा पनिङ्ग | २९१२५० | ,, |
| २९३-२०७६/३/३० | १ नं.वडा कार्यालय भवन मर्मत | ३००००० | वडाअध्यक्ष खेत बहादुर आले |
| ३१४-२०७६/३/३१ | १ नं.वडा कार्यालय बरण्डा तथा शौचालय निर्माण | २९१२५० | वडा सचिव राजन पोखरेल |
| ३०१-२०७६/३/३१ | २ नं.वडा कार्यालय पर्खाल निर्माण | २००००० | वडाअध्यक्ष इन्द्र बहादुर राउत |
| **जम्मा** | | **१४५६४१८** | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| १५. | **खरिदमा प्रतिस्पर्धा :** सार्वजनिक खरीद ऐन,२०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा गरी खरीद गर्न नमिल्ने साथै नियम ८४ मा रू.५ लाखदेखि २० लाखसम्म लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्रद्वारा खरीद गर्नुपर्ने व्यवस्था छ । नियमानुसार प्रतिस्पर्धात्मक तवरबाट खरिद कार्य गर्न सकिनेमा कार्यालयले देहाय अनुसार सोझै खरिद विधिबाट मालसामान खरिद गरेको पाइएकोले यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ । | |

| गो.भौ.न./मिति | खरिद विवरण | फर्मको नाम | रकम (मु.अ.कर समेत) |
|---|---|---|---|
| २९-२०७५/१०/१७ | पेन्टाक्स इलेक्ट्रोनिक्स टोटल स्टेशन | अल्फाविटा इन्जिनियरिङ्ग प्रा.लि. | ४९९७९९ |
| २९-२०७५/१०/१७ | रेन्जिङ्गरोड लगायत ९ आइटम | हर्ज इन्जिनियरिङ्ग प्रा.लि. | ४३००७८ |
| १२०-२०७५/१२/१७ | प्रिन्टर, मनिटर, डेक्स्टप | इन्फोटेक सप्लायर्स एण्ड ट्रेडर्स | ४५५५०० |
| २७१-२०७६/३/८ | सि.सि.टि.भि र इ-हाजिरी खरिद तथा जडान | सुश्रीत इन्टरप्राइजेज | ६८८५४८ |
| २७१-२०७६/३/८ | सोलार प्यानल लगायत ५ आइटम | एस पि ट्रेड एण्ड सप्लायर्स प्रा.लि. | ४९९४६० |
| ३०८-२०७६/३/३१ | अफिस टेवल लगायत ९ आइटम | पोखरेल एण्ड सन्स सप्लायर्स | ४०६४०४ |
| २८३-२०७६/३/२४ | पर्दा कार्पेट | ,, | ४३६०३८ |
| ३०३-२०७६/३/३१ | चमेनागृह निर्माण | यु एस आर निर्माण सेवा | ४९५२०७ |
| १९९-२०७६/२/४ | कार्यालय पार्टेशन | एच.एन. सप्लायर्स एण्ड ट्रेडर्स | ४९६५७८ |
| २८०-२०७६/३/१५ | गाउँपालिका र वडा कार्यालयको पार्टेसन | नतन सप्लायर्स एण्ड ट्रेडर्स | ४३३२८८ |
| ३१०-२०७६/३/३१ | गाडी मर्मत | सपनेश्वर अटोवर्कसप प्रा.लि. | ४९९५७३ |
| ७-२०७६/३/२३ (संघीय सरकार) | सौर्यउर्जा जडान | कानून इन्टर प्राइजेज | ४२८००० |
| ६१-२०७५/१२/२१ | प्रिफेविकेटेट प्लाष्टिक घर निर्माण | नेपाल थोपा सिंचाई प्रा.लि. | ५६०००० |
| ७-२०७५/६/२० | छपाई खर्च | लक्ष्मी छापाखाना, गाईघाट | ४७४०५६ |
| ७३-२०७५/१०/२६ | | | ३९२९०५ |
| ८-२०७५/६/२० | भेटरीनरी औषधि एवं सामान खरिद | सुजाता भेटस फर्म, विराटनगर | ४९२५०० |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>६९-२०७५/१०/२३</td><td>चल्ला खरिद</td><td>द सन्दीप सप्लायर्स, उदयपुर</td><td>५०००००</td></tr>
<tr><td>२२७-२०७६/२/३२</td><td>पाईप तथा सिमेन्ट खरिद</td><td>एस.एस.ब्रदर्स सप्लायर्स एण्ड ट्रेडर्स, कटारी</td><td>२७५८९६</td></tr>
<tr><td>२८७-२०७६/३/२३</td><td>औषधि खरिद</td><td>सुनिता मेडीसिन डिस्ट्रव्युटर्स</td><td>४९९२६८</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>८९६३०९८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१६.</td><td>सूचना प्रकाशनः पत्रपत्रिकामा कार्यालयको विविध किसिमको सूचना प्रकाशन बापतको रकम भुक्तानी गर्दा सूचना प्रकाशनको बील अंकमा कम्तिमा १५ देखि २५ प्रतिशत छुट गरि बिलिङ्ग गर्ने प्रणाली गोरखापत्र लगायत सबै मिडियाहरुले गर्ने गरेका छन् । यस कार्यालयले देहायको मिडिया मार्फत सूचना प्रकाशन गर्दा बील अंकमा छुट गरेको नदेखिँदा कार्यालयलाई थप व्ययभार पर्न गएको छ ।
<table>
<tr><th>गो.भौ/मिति</th><th>मिडियाको नाम</th><th>बील अंक (मू.अ.कर बाहेक)</th><th>छुट गर्नुपर्ने रकम</th></tr>
<tr><td>२८-२०७५/१०/१६</td><td>समिट क्रियशन</td><td>१४४०००</td><td>२१६००</td></tr>
<tr><td>६१-२०७५/११/१६</td><td>एडक्रयू मेडिया प्रा.लि.</td><td>५६०००</td><td>८४००</td></tr>
<tr><td>१३८-२०७५/१२/२१</td><td>क्रियटिभ मेडिया प्रिन्ट प्रा.लि.</td><td>४८६००</td><td>७२९०</td></tr>
<tr><td>१८८-२०७६/१/१८</td><td>नमस्ते क्रियशन एडभरटाइजिङ्ग प्रा.लि.</td><td>५४०००</td><td>८१००</td></tr>
<tr><td>५०-२०७५/१०/८</td><td>नमस्ते क्रिएशन एण्ड एडभर्टाईजिङ्ग प्रा.लि.</td><td>४८१२००</td><td>१२०३००</td></tr>
<tr><td>५६-२०७५/१०/१३</td><td>त्रियुगा मिडिया कन्सर्न</td><td>६७२००</td><td>१६८००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१८२४९०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१७.</td><td>अनुगमन : उपभोक्ता समिति गठन परिचालन कार्यविधि २०७५ को दफा ४ मा आयोजनाको अन्तिम बील भुक्तानी हुनुभन्दा अगावै कार्यालयवाट अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ भन्ने उल्लेख छ । गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा गठित अनुगमन समितिको सिफारिस बेगर यस वर्ष निम्न आयोजनाको रकम खर्च लेखेको पाइयो । अनुगमन समितिको सिफारिस बेगर खर्च लेख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । यसका केही उदाहरणहरु निम्न अनुसार छन् :
<table>
<tr><th>भौ । मिति</th><th>योजनाको नाम</th><th>खर्च रकम</th></tr>
<tr><td>२७-२०७५/१०/१७</td><td>चुम्फा-दारेगौडा सडक</td><td>२५०००००</td></tr>
<tr><td>३९-२०७५/११/८</td><td>जरुवा-रातमाटे-चप्लेटी-लामादीरुन्च भन्ज्याङ्ग सडक</td><td>१००००००</td></tr>
<tr><td>५८-२०७५/११/८</td><td>रातमाटे-भन्ज्याङ्ग-रैतीमा सानोढुंगे सडक</td><td>१३०००००</td></tr>
<tr><td>९८-२०७५/१२/११</td><td>जरुवा-हात्तिटार-काकुली खोल्सा हुँदै डुम्री सडक</td><td>२००००००</td></tr>
<tr><td>११७-२०७५/१२/१२</td><td>वलान भन्ज्याङ्ग बतासे चिउरीवास जरेटार सडक</td><td>१००००००</td></tr>
<tr><td>२५४-२०७६/२/३२</td><td>कमानकोल्टी टाटरेटार खानेपानी</td><td>१२०००००</td></tr>
<tr><td>१-२०७६/२/२६(पर्यटन पुर्वाधार विकास कार्यक्रम)</td><td>पुरानो गढी घेराबार</td><td>२५०००००</td></tr>
<tr><td>५-२०७६/२/२५(पर्यटन पुर्वाधार विकास कार्यक्रम)</td><td>,,</td><td>२५०००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td></td><td>प्रदेश शसर्त अनुदान</td><td></td></tr>
<tr><td>१८.</td><td>बाहुनीटार-मांसिङ्गटार-जरुवा-तामाडाँडा-चिसापानी सडक निर्माण : आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं.१ को च.नं.४६ मिति २०७५।८।३ को पत्र मार्फत उक्त सडक निर्माण गर्न रु.१,३५,००,०००।- बजेट विनियोजन भएकोमा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार १ करोड भन्दा माथिको बजेट भएको उक्त आयोजना ठेक्का पट्टाको माध्यमबाट संचालन गर्नुपर्नेमा रु.८०,००,०००।- र रु.५५,००,०००- का दुई वटा योजना बनाई उपभोक्ता समिति मार्फत संचालन गरेको देखियो । यसरी ठेक्का पट्टाको माध्यमबाट गर्नुपर्ने कार्य उपभोक्ता समिति मार्फत गर्नु नियमसम्मत देखिएन । तसर्थ स्वीकृत कार्यक्रम र बजेट अनुसारका योजना तोकिएको विधि अपनाई</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | यथासमयमै संचालन गर्न गराउन विशेष ध्यान पुर्‍याउन पर्ने देखिन्छ । | |
| १९. | **बाँकी बजेट :** आर्थिक बर्षको अन्त्यमा खर्च नभई बाँकी रहेको रकम रु.९६३२८३।- प्रदेश आर्थिक कार्यविधि ऐन तथा नियमावली अनुसार प्रदेश संचितकोष फिर्ता गर्नुपर्नेमा नगरेकोले फिर्ता गर्नुपर्ने रु... | ९६३२८३/- |
| | **संघीय सांसद** | |
| २०. | **बाँकी बजेट :** आर्थिक बर्षको अन्त्यमा खर्च नभई बाँकी रहेको रकम रु.३३१०४६।- आर्थिक कार्यविधि ऐन, २०५५ तथा नियमावली, २०६४ अनुसार संघीय संचितकोष फिर्ता गर्नुपर्नेमा नगरेकोले फिर्ता गर्नुपर्ने रु... | ३३१०४६/- |
| २१. | **कन्टिन्जेन्सी फिर्ता :** पर्यटन पूर्वाधार विकास शीर्षकमा विनियोजित रु.५००००००।- बजेटवाट पुरानो गढी घेराबार कार्यमा कट्टि भएको रु.२०००००।- कन्टेन्जेन्सी रकम मध्ये सम्बन्धित शिर्षकमा खर्च नभई बाँकी रहेको रु.१०००००।- स्थानीय संचित कोष जम्मा गरेकोले फिर्ता लिई संघीय संचितकोष जम्मा हुनुपर्ने रु... | १०००००/- |
| २२. | **पदाधिकारी अनुगमन सुविधा अनुगमन भत्ता**ः गाउँ तथा नगरसभाका सदस्यले पाउँने सुविधाको सम्बन्धमा व्यवस्था गर्न वनेको ऐन, २०७५ मा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्ष तथा वडा सदस्यहरुलाई अनुगमन भत्ता बापत मासिक क्रमशः रु. ६,०००।-, ४५००।-, १५००।- र १०००।- का दरले भुक्तानी दिने व्यवस्था छ । सो अनुसार पाउने सुविधा मासिक रुपमा लिइसकेपछि पनि पदाधिकारीलाई देहायनुसार गा.पा. भित्रका योजना अनुगमन गरेबापत भनी अनुगमन खर्च बापत प्रति व्यक्ति रु.१६००/- र रु.१२००/- का दरले भत्ता भुक्तानी दिएको देखियो । यसरी मासिक अनुगमन सुविधा एवं अनुगमन भत्ता दुवै दिन मिल्ने नदेखिंदा यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ । | |

| ब.उ.शि.नं. | भौ.नं.र मिति | पदाधिकारीको दर्जा, नाम थर | भूक्तानी रकम |
|---|---|---|---|
| समानिकरण पुंजिगत | ३-२०७६/३/३ | अध्यक्ष मान बहादुर केप्छाकी मगर | ७००० |
| | | उपाध्यक्ष सानुकुमारी राउत | १७००० |
| | | वडाध्यक्ष कर्णमाया मगर | १४५०० |
| | | वडाध्यक्ष कृष्ण बहादुर खत्री | १४५०० |
| | | का.पा.सदस्य गोमा कुमारी खत्री | ७००० |
| साना सिंचाई | ११-२०७६/३/२४ | अध्यक्ष मान बहादुर केप्छाकी मगर | १०००० |
| | | उपाध्यक्ष सानुकुमारी राउत | १०००० |
| पर्यटन पूर्वाधार विकास | ३-२०७६/३/२५ | उपाध्यक्ष सानुकुमारी राउत | ४००० |
| समानिकरण चालु | ३००-२०७६/३/२४ | वडा अध्यक्ष श्री कर्णमाया मगर | १४१०० |
| | ३१९-२०७६/३/२९ | वडा नं. ५ को अध्यक्ष र सदस्यहरु | ४५००० |
| | ४०५-२०७६/३/३१ | गा.पा. अध्यक्ष श्री मान ब.केप्छाकी मगर | ३१५० |
| | | वडा अध्यक्ष श्री कुमार अधिकारी | ३१५० |
| | | का.पा.सदस्य श्री संगिता बि.क. | ३१५० |
| | ४३७-२०७६/३/३ | गा.पा. अध्यक्ष श्री मान ब.केप्छाकी मगर | १७०० |
| | | वडा अध्यक्ष श्री खेद ब. आले | १७०० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | **वित्तीय समानिकरण चालु** | |
| २३. | **विविध खर्च :** यस वर्ष गाउँपालिकाले गाउँपालिका कार्यालयको चिया, नास्ता, खाजा, खाना आदिमा रु.१७,२१,४८१/- खर्च गरेको छ । उक्त खर्च भित्र गाउँसभामा भएको चिया, नास्ता, खाजा तथा खाना खर्च समावेश छैन । यस प्रकारका खर्चमा नियन्त्रण गरी मितव्ययीता अपनाउन गाउँपालिकाले ध्यान पुर्‍याउनु पर्दछ । | |
| २४. | **बैठक भत्ता :** गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धि ऐन, २०७५को दफा ४ मा गाउँ सभा संचालन भएको अवस्थामा सभाका सदस्यहरु तथा सभाद्वारा गठित विभिन्न विषयगत समितिका | ६५७९०/- |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | सदस्यहरुलाई बैठक भत्ता भुक्तानी गर्दा अनुसूची २ मा तोकिएको दरले दिनुपर्ने व्यवस्था छ। कार्यालयले देहाय अनुसार ऐनमा तोकिएभन्दा बढी दरमा बैठक भत्ता भुक्तानी दिएकोले बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु... | |

| भौ.नं. र मिति | दर्जा, नाम थर | बैठकको किसिम | बैठक संख्या | दिनुपर्ने दर | दिएको दर | बढी दर | बढी रकम( कट्टी कर घटाई) |
|---|---|---|---|---|---|---|---|
| १६३-२०७६/१/२० | उपाध्यक्ष श्री सानुकुमारी राउत | गाउँसभा बैठक | ३ | १२०० | १५०० | ३०० | ७६५ |
| | वडा अध्यक्ष श्री खेद ब. आले | | ३ | १००० | १५०० | ५०० | १२७५ |
| | वडा अध्यक्ष श्री ईन्द्र ब. राउत | | ३ | १००० | १५०० | ५०० | १२७५ |
| | वडा अध्यक्ष श्री मनोज कुमार कार्की | | ३ | १००० | १५०० | ५०० | १२७५ |
| | वडा अध्यक्ष श्री राम ब. घले | | ३ | १००० | १५०० | ५०० | १२७५ |
| | वडा अध्यक्ष श्री कुमार अधिकारी | | ३ | १००० | १५०० | ५०० | १२७५ |
| | वडा अध्यक्ष श्री कृष्ण ब. खत्री | | ३ | १००० | १५०० | ५०० | १२७५ |
| | वडा अध्यक्ष श्री कर्णमाया मगर | | ३ | १००० | १५०० | ५०० | १२७५ |
| | वडा अध्यक्ष श्री टंक ब. श्रेष्ठ | | ३ | १००० | १५०० | ५०० | १२७५ |
| | का.पा. सदस्य श्री संगिता बि.क. | | ३ | १००० | १५०० | ५०० | १२७५ |
| | का.पा. सदस्य श्री मान ब. बि.क. | | ३ | १००० | १५०० | ५०० | १२७५ |
| | का.पा. सदस्य श्री गोमा खत्री | | ३ | १००० | १५०० | ५०० | १२७५ |
| | का.पा. सदस्य श्री कुन्तामाया मगर | | ३ | १००० | १५०० | ५०० | १२७५ |
| | का.पा. सदस्य श्री ठमान बि.क. | | ३ | १००० | १५०० | ५०० | १२७५ |
| | का.पा. सदस्य श्री मैना तामाङ्ग | | ३ | १००० | १५०० | ५०० | १२७५ |
| | वडा सदस्य श्री कटक ब. कटुवाल | | ३ | १००० | १५०० | ५०० | १२७५ |
| | वडा सदस्य श्री जय ब. मगर | | ३ | १००० | १५०० | ५०० | १२७५ |
| | वडा सदस्य श्री धन कुमारी मगर | | ३ | १००० | १५०० | ५०० | १२७५ |
| | वडा सदस्य श्री भक्तमाया रम्तेल | | ३ | १००० | १५०० | ५०० | १२७५ |
| | वडा सदस्य श्री सुर्य ब.मगर | | ३ | १००० | १५०० | ५०० | १२७५ |
| | वडा सदस्य श्री भक्त ब. तामाङ्ग | | ३ | १००० | १५०० | ५०० | १२७५ |
| | वडा सदस्य श्री सोममाया बि.क. | | ३ | १००० | १५०० | ५०० | १२७५ |
| | वडा सदस्य श्री गम्भिर ब. तामाङ्ग | | ३ | १००० | १५०० | ५०० | १२७५ |
| | वडा सदस्य श्री विष्णुमाया जर्घामगर | | ३ | १००० | १५०० | ५०० | १२७५ |
| | वडा सदस्य श्री गौरीमाया बि.क. | | ३ | १००० | १५०० | ५०० | १२७५ |
| | वडा सदस्य श्री याम ब. आलेमगर | | ३ | १००० | १५०० | ५०० | १२७५ |
| | वडा सदस्य श्री मिना कुमारी तामाङ्ग | | ३ | १००० | १५०० | ५०० | १२७५ |
| | वडा सदस्य श्री बोध कुमार भण्डारी | | ३ | १००० | १५०० | ५०० | १२७५ |
| | वडा सदस्य श्री शोभा कुमारी मोते | | ३ | १००० | १५०० | ५०० | १२७५ |
| | वडा सदस्य श्री अम्मर ब. लायो मगर | | ३ | १००० | १५०० | ५०० | १२७५ |
| | वडा सदस्य श्री पेशल कुमार राई | | ३ | १००० | १५०० | ५०० | १२७५ |
| | वडा सदस्य श्री देवी सुनुवार | | ३ | १००० | १५०० | ५०० | १२७५ |
| | वडा सदस्य श्री मिना बि.क. | | ३ | १००० | १५०० | ५०० | १२७५ |
| | वडा सदस्य श्री सिताराम गिरी | | ३ | १००० | १५०० | ५०० | १२७५ |
| | वडा सदस्य श्री महेन्द्र ब. मगर | | ३ | १००० | १५०० | ५०० | १२७५ |
| | वडा सदस्य श्री चन्द्रमाया श्रेष्ठ | | ३ | १००० | १५०० | ५०० | १२७५ |
| | वडा सदस्य श्री ईन्द्र ब. खनाल | | ३ | १००० | १५०० | ५०० | १२७५ |
| | वडा सदस्य श्री धमला बि.क. | | ३ | १००० | १५०० | ५०० | १२७५ |
| | वडा सदस्य श्री चन्द्र ब. तामाङ्ग | | ३ | १००० | १५०० | ५०० | १२७५ |
| | वडा सदस्य श्री टंक ब. राई | | ३ | १००० | १५०० | ५०० | १२७५ |
| | वडा सदस्य श्री मेनुका परियार | | ३ | १००० | १५०० | ५०० | १२७५ |
| | बि.नी. श्री मोहन कुमार सुनुवार | | ३ | १००० | १५०० | ५०० | १२७५ |
| | ना.प्रा.स.श्री दिपक फुयाल | | ३ | १००० | १५०० | ५०० | १२७५ |
| | प्रा.स. श्री चुडामणि कार्की | | ३ | १००० | १५०० | ५०० | १२७५ |
| | स.क.अ श्री कल्पना रानामगर | | ३ | १००० | १५०० | ५०० | १२७५ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | खरिदार श्री रमेश कुमार पाण्डे | | ३ | १००० | १५०० | ५०० | १२७५ |
| | खरिदार श्री सुर्य ब. रानामगर | | ३ | १००० | १५०० | ५०० | १२७५ |
| | का.स. श्री यादव राई | | ३ | १००० | १५०० | ५०० | १२७५ |
| | का.स. श्री डिल्लीराज मगर | | ३ | १००० | १५०० | ५०० | १२७५ |
| | का.स. श्री खिल ब.मगर | | ३ | १००० | १५०० | ५०० | १२७५ |
| | का.स. श्री मन्दिरा भण्डारी | | ३ | १००० | १५०० | ५०० | १२७५ |
| | स.स्वा.संयोजक श्री दिप नारायण चौधरी | | १ | १००० | १५०० | ५०० | ४२५ |
| | स.म.वि.नि.श्री नवीता कुमारी निरौला | | २ | १००० | १५०० | ५०० | ८५० |
| | | | | | | **जम्मा** | **६५७९०** |

२५. **खर्चको पुष्ट्याई, प्रमाण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ अनुसार कार्यालयले स्वीकृत बजेट खर्च गर्दा खर्चको पुष्ट्याँई तथा बिल भरपाई संलग्न गरेर मात्र खर्च लेख्नु पर्दछ । देहाय बमोजिमको खर्चमा खर्चको पुष्ट्याँई नखुलेको र खर्चका बिल भरपाईहरु पनि संलग्न नदेखिएकोले खर्चको पुष्ट्याँई हुन सकेन । तसर्थ सोको आवश्यक प्रमाण पेश हुनुपर्ने रु... १३४८०७५/-

| ब.उ.शि.नं. | भौ.नं.र मिति | खर्चको विवरण | खर्च रकम | कैफियत |
|---|---|---|---|---|
| वित्तिय समानिकरण चालु | १३-२०७५/६/२२ | कार्यालयमा सवारी साधन खरिद भै २०७५।३।२१ मा जिन्सीमा आम्दानी भै सकेपछि पनि गा.पा.अध्यक्षको लागि भनी मासिक रु.९५ हजारले गाडी भाडामा लिई २०७५ श्रावण देखि असोज सम्म गाडी रिजर्भ भाडा खर्च | २५३३३३ | सवारी साधन भै सकेपछि गा.पा.अध्यक्षको लागि मनासिव कारण बेगर भाडा खर्च |
| | १३१-२०७५/१२/२० | शान्ति महिला बहुउद्धेशिय सहकारी संस्था लि. लाई दिएको रकमबाट सोलार १ सेट, ईन्भर्टर, कम्प्युटर टेबल आदि खरिद खर्च | ७५५०० | उक्त सामानहरु संस्थाको जिन्सी खातामा आम्दानी नगरेको |
| | १६७-२०७६/१/२८ | जनजाति विशेष कार्यक्रम अन्तर्गत खरिद भएका स्टिल दराज, प्लाष्टिक कुर्सी, टेबल, कार्पेट आदि | ६९६९८ | उक्त सामानहरु संस्थाको जिन्सी खातामा आम्दानी नगरेको |
| | १९६-२०७६/२/१८ | दलित बस्ती १ घर १ ट्याङ्की वितरण कार्यक्रम अन्तर्गत खरिदद भएका हिलटेक ट्याङ्की २०० लि. ४४ थान र धारा ४४ थान | १३८६८८ | उक्त सामानहरु बुझाएको प्रमाण नभएको |
| | २९०-२०७६/३/२४ | शान्ति महिला बहुउद्धेशिय सहकारी संस्था लि.लाई बाल अक्षय कोष स्थापना गर्न रकम दिएको | १००००० | अक्षय कोष स्थापना गरेको प्रमाण नभएको |
| | २९९-२०७६/३/२४ | सर सफाई कार्यक्रमको लागि डष्टबीन र सोको स्ट्याण्ड खरिद | १९९९३० | उक्त डष्टबीन वितरणको प्रमाण नभएको |
| | ३३८-२०७६/३/२९ | वडा नं. ६ को वडा स्तरीय बाल अक्षय कोषको लागी रु.५०,०००/- र वडा नं. २ को वडा स्तरीय बाल अक्षय कोषको लागि १५०,०००/- गरी रु.२,००,०००/- दिएको | २००००० | अक्षय कोष स्थापना गरेको प्रमाण नभएको |
| | ४४३-२०७६/३/३१ | उपाध्यक्ष सानुकुमारी राउतलाई २०७६ चैत्र देखि असारको ८ थान भ्रमण आदेशबाट भ्रमण खर्च | ८३८०० | भ्रमण आदेश स्वीकृत नभएको |
